नेपाल सरकार

सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय

गोरखा

**सूचना प्रकाशित मिति २०७३/०२/**

## आ.ब ०७३/०७४ का लागि राजश्व तथा कर उठाउने सम्बन्धी बोलपत्र आव्हानको ३० दिने सूचना

स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ (संशोधन सहित) तथा स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को परिच्छेद ६ को नियम १६७(४)(घ) अनुसार जिल्ला विकास समिति गोरखा बाट आ.व. २०७३/०७४ को लागी देहाय बमोजिमको आन्तरिक आय स)कलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो नविकरण भएको प्रमाण पत्र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा आ.व.०७१/०७२ सम्मको कर चुक्ताको प्रमाण पत्रको फोटोकपी संलग्न राखी निबेदन पेश गरी तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको बिषय क्षेत्रको बोलपत्र खरिद गरि पेश गर्न यो सूचना प्रकाशित गरिएको छ रित नपुगी वा म्याद नाघी प्राप्त हून आएको बोलपत्र उपर कूनै कारवाही गरिने छैन । प्रा.लि को हकमा औद्योगिक व्यवसाय ऐन २०४९ बमोजिम सम्बन्धित निकायबाट व्यवसाय अनुमती

| ठे.नं. | ठेक्का सम्बन्धी विवरण | स्थान | उत्खनन संकलन विक्रि गर्न पाउने पि | न्यूनतम कायम भएको अंक (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १/०७३/७४ | ग्रामीण सडक पटके कर संकलन सम्बन्धी | जिल्ला भित्रका ग्रामीण सडकहरु | | ४०००५००। चालिस लाख पांच सय रुपैया | |
| २/०७३/७४ | ढुंगा गिटी बालूवा | रामघाट नयांसाघु | ४९६१२५ क्यू.फिट | १४८८३७५।००चौध लाख अठासी हजार तीन सय पचहत्तर रुपयां मात्र | |
| ३/०७३/७४ | ढुंगा गिटी बालूवा | १० किलो घाट | ३८३६७० क्यू.फिट | ११५१०१०।००एघार लाख एकाउन्न हजार दश रुपयां मात्र | |

समेत लिएको हुनुपर्ने छ ।

<u>दरभाउपत्र सम्वन्धी विवरण</u>

### शर्तहरु

१) बोलपत्र फाराम यस कार्यालयको राजश्व शाखाबाट रु १०००। एक हजार रुपैया फिर्ता नहुनेगरी तिरी ३० औ दिन भित्र कार्यालय समयमा प्राप्त हुनेछ ।

२) बोलपत्र फाराम दर्ता गर्ने समय टेण्डर खरिद गर्ने म्याद सकिएको भोलिपल्ट वा १३ औ दिनको १२ वजे भित्र दर्ता गराई सक्नुपर्नेछ । वोलपत्र फाराम किन्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट १२ वजेभित्र दर्ता गराई सक्नुपर्नेछ ।

३) वोलपत्र फाराम ३१ औ दिनको २ वजे यस कार्यालयमा अन्य कार्यालयका प्रतिनिधि कर्मचारीहरु एवं ठेकेदार तथा ठेकेदारको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ठेकेदार तथा ठेकेदारका प्रतिनिधिहरु उपस्थित नभएमा पनि टेण्डर खोल्न बाधा पर्ने छैन ।

४) शिलबन्दी वोलपत्र पेश गर्दा आफुले कवोल गरेको रकमको ५ प्रतिशत हुन आउने रकम बराबरको रकम यस कार्यालयको धरौटी खाता नं.४१।४३८ ग ३ मा जम्मा गरेको भौचर शिलबन्दी वोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

५)बोलपत्र स्वीकृत भइसकेपछि सम्बन्धीत वोलपत्र दाताले कवोल अंक वरावरको कम्तिमा ६ महिना म्याद भएको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त वैकबाट जारी भएको परफरमेन्स वण्ड पेश गर्नु पर्नेछ ।

६)शिलवन्दी वोलपत्र फाराममा कवोल अंक र अक्षरमा स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखीएको लाई मान्यता दिइने छ ।

७) शिलवन्दी वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।
८) कवोल अंकको १.५ प्रतिशत अग्रीम आयकर र नियमानुसार लाग्ने मुल्य अभिबृति कर ठेकेदारले स्वयंले तिर्नुपर्नेछ ।
९)ठेक्का संझौता गर्दा कवोल गरेको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिइने छ ।
१०)अन्य कुराहरु स्थानीय स्वायत्त शासन ऐन २०५५ नियमावली २०५६तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजीम हुनेछ ।